# आन्तरिक राजस्व कार्यालय, महाराजगञ्जको

## कर बक्यौता रकम दाखिला गर्ने सम्वन्धी जरुरी सूचना !!!

आन्तरिक राजस्व विभागको Integrated Tax System को अभिलेख अनुसार यस कार्यलय अन्तर्गतका आयकर तथा मूल्य अभिवृद्धि कर तिर्न बुझाउन बाँकी रहेका करदाताहरुलाई बक्यौता रकम दाखिला गराउन पटक पटक टेलिफोन सम्पर्क, सम्वन्धित करदाताको कारोवार स्थलको संकलन भ्रमण तथा पत्राचार गरिएकोमा हालसम्म (सम्वत् २०७७ साल माघ २० गतेको Integrated Tax System बाट प्राप्त आयकर तथा मूल्य अभिवृद्धि करको बक्यौता अभिलेख अनुसार) कर बक्यौता रकम दाखिला नगरेका करदाताहरुको नाम र बक्यौता रकम आन्तरिक राजस्व विभागको Website मा प्रकाशित गरिको छ । उक्त विवरण अनुसार कर बक्यौता रहेका करदाताहरुले यो सूचना प्रकाशित भएको **१५ (पन्ध्र) दिन भित्र बक्यौता रकम दाखिला गर्नु हुन तथा दाखिला गरेको भए दाखिलाको प्रमाण पेश गर्नु हुन** सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा **आयकर ऐन,२०५८ को दफा १०३ देखि दफा ११४ र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१ बमोजिम बक्यौता रकम असुल उपर गरिने** व्यहोरा सम्वन्धित सवैलाई जानकारी गराइन्छ ।

पुनश्च: कर बक्यौता विवरण हेर्ने तरिका

- www.ird.gov.np खोल्ने,
- कार्यालयहरुमा click गर्ने,
- आन्तरिक राजस्व कार्यालयमा click गर्ने,
- आन्तरिक राजस्व कार्यालय, महाराजगञ्जको view branch link मा click गर्ने,
- त्यस पछि समसामयिकमा गई सम्वन्धित सूचना तथा विवरण हेर्न सकिने ।

**"स्वच्छ, पारदर्शी तथा प्रविधिमैत्री कर प्रशासन: विकास, समृद्धि र सुशासन"**